STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २९ गते शनिबार ❑ 12 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरालाई आर्थिक विकासको केन्द्र बनाउन मुख्यमन्त्रीको जोड

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललेपोखरालाई आर्थिक विकासको केन्द्र बनाउन त्यही अनुसारको योजना बनाएर अगाडि बढ्नपर्ने बताएका छन् ।



पोखरा महानगरपालिकाको १० औं सभाको उद्घाटन समारोहमा शुक्रबार मुख्यमन्त्री पोखरेलले भने, 'गण्डकी प्रदेश हरेक सूचकांकमा अगाडि रहे पनि आर्थिक गतिविधिका हिसावमा हामी पछाडि छौं । यसमा हाम्रा नीति नियम कमजोर हुन् या कहाँनेर कमजोरी छ त्यो पत्ता लगाएर आर्थिक गतिविधि बढाउनुपर्ने छ । पोखरा त अब प्रदेशको मात्र होइन मुलुककै आर्थिक केन्द्र बन्नुपर्छ । पर्यटनमार्फत् त्यो सम्भावना पनि छ । उनले अबको पोखरा भनेको कास्कीभित्रको सहरी क्षेत्रमात्र होइन पूर्वमा मुग्लिन र पश्चिममा राम्दीसम्मको भूभागलाई समेट्नेगरी विकास गर्न पोखराले चासो देखाउनुपर्नेमा जोड दिए । प्रदेश सरकारले संघ सरकारको सहयोगमा स्टाटेलाइट सहर विस्तारका लागि प्रदेशले पनि गृहकार्य गरिरहेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो । उनले भने, 'सबै खालका गतिविधिलाई पोखराभित्र मात्र समेट्न सम्भव छैन । त्यसका लागि लागि वृहत पोखराको परिकल्पना गरिएको हो ।' उनले स्थानीय तहका ५ वर्ष पूरा हुनै लाग्दा अब आफूले आफैलाई समीक्षा गर्नुपर्ने बेला भएको पनि उल्लेख गरे । उनले भने, 'पोखरा प्रदेशको राजधानी मात्र होइन पर्यटकीय केन्द्र पनि हो । यो सहरलाई कस्तो बनाउने भनेर प्लानिङ गर्ने हामीहरुले नै हो ।' पोखराको सुन्दरता बचाइराख्न र पर्यटक आकर्षणका लागि थप पूर्वाधार निर्माण गर्नुपर्ने भन्दै उनले यहाँका सडक चौडा हुन्, फराकिलो फुटपाथ, फूलका क्यारी सहितको फुटपाथ रात्रिकालीन बत्ती, चोक र टोलहरुमा सिसी क्यामेरा जरुरी रहेको उनले बताए ।

पोखरा आकर्षक मात्र होइन सुरक्षित छ भन्ने सन्देश दिन जरुरी रहेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो । पोखराले ५ वर्षमा पर्यटक दोब्बर बढाउने, उनीहरुको बसाई अवधि र खर्च पनि दोब्बर बनाउने गरी योजना ल्याउनुपर्छ भन्दै उनले यसका लागि प्रदेश सरकारले के सहयोग गर्नुपर्छ तयार रहेको बताए । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको अन्तिम चरणमा पुगेका बेला अब यसको उपयोगका बारेमा चर्चा सुरु भइसकेको भन्दै मुख्यमन्त्री पोखरेलले ल्यान्डफिल साइटको विकल्पको खोजी र विमानस्थलसम्मको बाटो विस्तार प्राथमिकतामा हुनु जरुरी रहेको भनाइ राखे । अहिले मुग्लिन पोखरा सडक खण्ड विस्तारको काम भइरहेकामा जामुने पोखरा खण्डमध्ये पोखरातिरबाट काम थाल्नका लागि प्रदेश सरकारले आयोजना प्रमुखसँग कुरा गरिसकेको उनले बताए । पोखरा मुग्लिन सडक स्तरोन्नतिको काम भइरहँदा विकल्पको रुपमा रहेको बुद्धसिंह मार्गलाई सञ्चालनमा ल्याउन प्रदेश सरकारले पहल गरेको खुलासा उनले गरे । मुख्यमन्त्री पोखरेलले भने, 'यसका लागि म आफै पनि स्थलगत अनुगमनमा गएर फर्केको छु । नारायणघाट मुगलिन सडक खण्डको घुमाउने भन्ने ठाउँमा पुल निर्माणाधीन छ। त्यसमा हालका लागि बेलिब्रिज बनाएर भए पनि धुमाउनेदेखि दमौली सडक सञ्चालनमा ल्याउने हो भने झण्डै ३२ किलोमिटर बाटो छोटिन्छ ।' दमौलीबाट सिसाघाट हुँदै मध्यपहाडी लोकमार्गबाट पोखरा निस्कनका लागि छोटो बाटोको विकल्प पनि उनले सुनाए। पोखराको सार्वजनिक जग्गा संरक्षणमा पनि महानगर अझै चनाखो हुनुपर्ने उनको आग्रह छ । उनले भने, 'महानगर आफै र पोखरा उपत्यका नगर विकास समितिको नाममा धेरै जग्गा छ, त्यसको उपयोगिताका लागि अब योजना बनाउन ढिला गर्नु हुँदैन ।'फेवातालतलाई संरक्षित क्षेत्र त घोषणा गरिएको भन्दै उनले अब काम कसरी गर्ने चुनौती रहेको सुनाए । पोखरामा व्यवस्थित बसपार्क बनाउन धेरै ढिलाइ भइसकेको चर्चा गर्दै उनले प्रदेशको समेत सहभागितामा लामेआहालमा बसपार्क बनाउन म सहकार्यका लागि आह्वान गरे । प्रदेश सरकारको नेतृत्वमा आफू आएको ७ महिना भए पनि नागरिकको नजिक पुग्ने प्रयास हामीले गरेको उनको भनाइ थियो ।

विकासे योजनाका साथमा सामाजिक क्षेत्रका कार्यलाई पनि हामीले सँगसँगै अगाडि बढाएको मुख्यमन्त्री पोखरेलले सुनाए । चर्चामा आएर पनि अगाडि बढ्न नसकेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको काम अब सुरु हुनेभएको जानकारी उनले दिए , उनले भने, 'लगानी बोर्डले अब पोखराको सिलिङे डाँडामा सम्मेलन केन्द्र बनाउने छ । गत साता हामीले यसका बारेमा काठमाडौंमै पुगेर छलफल गरेपछि काम अगाडि बढ्ने भएको हो ।' अब फागुन १ गतेबाट प्रदेशभरका अस्पतालमा रगतको निशुल्क प्रबन्ध गरिएको पनि उनले बताए ।

कोभिडबाट अभिभावक गुमाएका बालबालिकालाई अध्ययनका लागि मासिक ५ हजार रुपैयाँ, परिवारको सदस्य गुमाएकाहरुलाई एकमुष्ट ५० हजार रुपैयाँ दिन सुरु गरिसकेको मुख्यमन्त्री पोखरेलले बताए । उनले भने, ' पोखरा मात्र होइन गण्डक प्रदेश नै सहयोगापेक्षी सडक मानवमुक्त घोषणा गरेका छौं। अहिले पोखराको सडक छेउमा धेरै दृष्टिविहीनहरु गीत गाएर बसेको देखिनुभएको छ, उहाँहरु कहाँबाट किन र कसरी आउनुभएको हो, महानगरले चासो देखाइदिनुहोला ।' पाठेघरको मुख र स्तन क्यान्सरका बिरामीको उपचार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशभर अब रगत निशुल्क

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

गण्डकीमा अब रगतका लागि रकम तिर्नु नपर्ने भएको छ। रगतको खरिदबिक्री नहुने भए पनि परीक्षण र अन्य खर्चका लागि ७ सय देखि १ हजार रुपैयाँ लाग्ने गरेकामा अब त्यसको खर्च गण्डकी प्रदेश सरकारले बेहोरिदिने भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार पारेको रगत तथा रगतजन्य सेवा निःशुल्क व्यवस्थापन कार्यविधि, २०७८' गत सोमबारको मन्त्रिपरिषद्बाट पारित भएसँगै अब बिरामीले रगतमा कुनै रकम तिर्नुपर्दैन । फागुन १ गतेदेखि प्रदेशभित्रका सबै सरकारी तथा निजी अस्पतालमा रगत निःशुल्क गर्ने निर्णय प्रदेश सरकारले गरेको सरकारका प्रवक्ता मन्त्री कुमार खड्काले जानकारी दिए । कार्यविधिमा रगत तथा रगतजन्य सेवा प्रदान गर्ने संस्थाले अस्पतालमा उपचाररत ब्यक्तिलाई आवश्यक पर्ने रगत, रगत राख्ने झोला, रगत परीक्षण निःशुल्क रुपमा गर्नुपर्ने उल्लेख गरिएको छ।

साथै उपलब्ध गराइएको सेवा शुल्क भुक्तानीका लागि मासिक रुपमा जिल्ला रगत तथा रगतजन्य सेवा व्यवस्थापन समिति मार्फत अस्पताल समक्ष बिल भरपाई पेश गर्ने पनि उल्लेख गरिएको छ । रक्तदातालेनिशुल्क दिएको रगतको शुल्क लिन नहुने माग जनस्तरमा हुँदै आएको थियो । त्यही मागको सम्बोधन गर्दै अब गण्डकी प्रदेशका सम्पूर्ण स्वास्थ्य संस्थामा उपचार गराइरहेका बिरामीलाई निःशुल्क रगत उपलब्ध हुने भएको हो ।

बिरामीले अब कुनै शुल्क तिर्न नपर्ने र सित्तैमा रगत दिने व्यवस्था सरकारले गरेको छ । कार्यविधि अनुसार जिल्ला रगत तथा रगतजन्य सेवा व्यवस्थापन समितिमा जिल्ला अस्पतालकामेडिकल सुपरिन्टेण्डेण्ट अध्यक्ष रहनेछन् । यसैगरी स्वास्थ्य कार्यालयका प्रमुख, कोष तथा लेखा नियन्त्रण कार्यालय /इकाइ कार्यालयका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी, जिल्ला सभापती र जिल्ला अस्पतालका प्रयोशाला प्रमुख सदस्य रहनेछ व्यवस्था छ । जिल्ला रगत तथा रगतजन्य सेवा व्यवस्थापन समितिमास्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव अध्यक्ष हुनेछन् ।प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक, अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी, गण्डकी प्रदेशका अध्यक्ष र चिकित्सा सेवा महाशाखा प्रमुख सदस्य रहने कार्यविधिमा उल्लेख गरिएको छ । सरकारले रगत निःशुल्क गर्ने कार्यका लागि नेपाल रेडक्रस सोसाइटीसँग अब सम्झौता हुनेछ ।

सम्झौतापछि सरकारको निर्णय कार्यान्वयन हुनेछ। गण्डकी प्रदेशको राजधानी पोखरामा सबैभन्दा बढी रगत खपत हुने गरेको छ। अहिले गण्डकी प्रदेशमा दैनिक ७० देखि ८० पिन्ट रगतको माग हुने गरेको छ। अन्य जिल्लाबाट गम्भीर र जटिल रोगका बिरामीका बिरामी पोखराका अस्पतालमा आउँदा पनि पोखरामा रगतको माग बढिरहेको रक्तसञ्चार केन्द्र पोखराले जनाएको छ।

## कास्कीका शैक्षिक संस्था फागुन १ देखि सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

कोरोना सङ्क्रमण जोखिम न्यूनीकरणका लागि जारी गरिएको निषेधाज्ञाका कारण बन्द कास्कीका शैक्षिक संस्थामा आगामी फागुन १ गतेदेखि सञ्चालनमा आउने भएका छन् ।

जिल्ला प्रशासन कार्यालयले शुक्रबार सूचना जारी गरी निषेधाज्ञाको आदेशलाई खुकुलो बनाउँदै स्वास्थ्य मापदण्डको पालना गर्ने गरी भौतिक उपस्थितिमा पठन पाठन सञ्चालन गर्न अनुमति दिएको हो । गत पुस अन्तिम सातादेखी कोरोना जोखिम बढेपछि बन्द विद्यालय, विश्वविद्यालय, कलेज र ट्यूसन सेन्टरमा भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्न अनुमति दिएको हो। निषेधाज्ञा आदेशपछि विद्यालयले अहिले अनलाइन माध्यमबाट कक्षा सञ्चालन गरिरहेका छन् ।

प्रमुख जिल्ला अधिकारी जयनारायणका आचार्यका अनुसार मास्कको उचित प्रयोग, हात धुने व्यवस्था, सेनिटाइजरको प्रयोग र विद्यार्थीका बीचमा भौतिक दूरी पालना गराउने गरी शैक्षिक संस्था सञ्चालनको अनुमित दिइएको हो । यसैगरी विद्यार्थी ओसारपसार गर्दा माथिल्लो र तल्लो कक्षाका विद्यार्थीलाई भीडभाड नहुने गरी फरक/फरक समयमा आवागमनको व्यवस्था मिलाउन, अतिरिक्त कक्षा सञ्चालन नगर्न र कक्षाकोठा, शौचालयलगायत भौतिक संरचनाको सरसफाइ गर्न प्रशासनले आग्रह गरेको छ । यसैगरी होटल तथा रेष्टुरेण्टमा कूल क्षमताको आधाभन्दा बढी नहुने गरी भौतिक दूरी कायम गर्नुपर्ने, मठमन्दिर तथा धार्मिकस्थलमा स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थन गर्न सकिने जारी सूचनामा उल्लेख छ । जिल्लामा सिनेमा हल, डान्सबार, दोहोरी, नाच घर, क्लब, हेल्थ क्लब, जिम खाना, स्वीमिङ पुल, फुटसल, पटके हाटबजार, स्पा सेन्टर, ब्यूटीपार्लरलगायत भीडभाड हुने अन्य प्रकारका कार्यक्रममाथि भने अझै पनि रोक लगाइएको छ । प्रशासनले आमसभा, जुलुससभा वा धेरै मानिस भेला हुने क्रियाकलाप पनि गर्न नपाइने गरी आदेश जारी गरेको हो ।

## अब अस्पतालमा बायोमेडिकल ईन्जीनियर : स्वास्थ्य मन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

पोखरा, एक पछि अर्को चर्चित र्निणय गर्दै आएको गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अब गण्डकी प्रदेशका अस्पतालहरुमा बायोमेडिकल ईज्नीनियरको ब्यबस्था गर्ने तयारी पनि सुरु गरेको छ।




मन्त्रालयले स्वास्थ्य निति जारी गरेपछि निति भित्र रहेका बिषयहरुलाई एक पछि अर्को गर्दे कार्यानवयनमा लैजाने स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारी गुरुङ्गले जानकारी दिनु भयो । उहाँले अस्पताल र अस्पतालमा उपकरणमा मात्र जोड दिने तर उपकरण बिग्रीएपछि बनाउन बर्षौ लाग्ने अबस्थाको अन्त्य गर्न जरुरी रहेको उहाँको भनाई छ । पोखरामा सुरु भएको ट्रमा केयर तालिमको उदघाटन गर्ने क्रममा मन्त्री अधिकारीले गुणस्तरीय सेवाका लागि भएका उपकरणहरु सहि अबस्थामा राख्न सक्ने हुनका लागि योग्य जनशक्ति आबस्यक रहेको मन्त्रालयले महशुस गरेकोले सोही अनुसार अगाडी बढीने बताउनु भयो ।

स्वास्थ्य आम मानिसको पहुँचमा पुग्ने स्वास्थ्य निति बनाइएको छ , अब त्यो अनुसार काम अगाडी बढ्छः उहाले भन्नु भयो । कोरोना संक्रमणको समयमा राज्यले स्वास्थ्यमा लगानी गरेपछि त्यो लगानीलाई दिर्घकालिन बनाउन उजुरी रहेको उहाँको जोड थियो । प्रदेशका बिभिन्न स्थानमा रहेका अक्सीजन प्लान्ट अहिले प्रयोग बिहिन बनेको आफुलाई जानकारी आएको भन्दै उहाँले र्निमाण मात्र ठुलो कुरा हाईन प्रभावकारी हुने, नहुने मुख्य कुरा भएको बताउनु भयो।

कार्यक्रममा मन्त्रालयका सचिव श्रीराम तिवारीले आजको अबस्थामा पहाडी ईलाकामा ट्रमाको महत्व झन बढी रहेको बताउनु भयो । तालिमको उदघाटन कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी गण्डकी प्रदेशका अध्यक्ष सुर्य ढकालले निःशुल्क रगत प्राप्त गर्ने ब्यबस्था आम नागरीकका लागि एक एतिहासिक महत्वको र्निणय भएको बताउनु भयो । स्वास्थ्य मन्त्रालयको कार्यसम्पादनमा आफुहरु सन्तुष्ट रहेको उहाँको भनाई थियो ।

## एक हजार १२८ संक्रमित थपिए, १४ को मृत्यु

रासस
काठमाडौं, २८ माघ

पछिल्लो २४ घन्टामा नेपालमा एक हजार १२८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। कुल २० हजार ९८९ नमूनाको परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

सक्रिय सङ्क्रमितको सङ्ख्या २७ हजार ४४१ पुगेको छ । सक्रिय सङ्क्रमितमध्ये २६ हजार ४५० होम आइसोलेसन, ९९१ संस्थागत आइसोलेसन, २०६ आइसियू र ३६ जना भेन्टिलेटरमा रहेका छन् । आज दुई हजार २१५ जना सङ्क्रमणमुक्त भएका छन् । कोरोना सङ्क्रमणबाट आज १४ जनाले ज्यान गुमाएका छन् । नेपालमा हालसम्म कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ११ हजार ८७८ पुगेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विद्यालय नाटक महोत्सव फागुन १३ गतेबाट हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ माघ**



कोरोना महामारीका कारण रोकिएको दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सव फागुन १३ गतेबाट हुने तय भएको छ। आयोजक पोखरा थिएटरले दिएको जानकारी अनुसार फागुन १३ गते शुक्रबारबाट सुरु हुने महोत्सव फागुन १६ गते सोमबारसम्म चल्नेछ । यसअगाडि माघ ११ गतेदेखि १५ गतेसम्म पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन गरिने तय भएको थियो ।

महोत्सवका लागि गण्डकी प्रदेशका ८ जिल्लाका १२ नाटक छनोट भएका छन् । महोत्सवको लागि प्राप्त कुल २४ नाटक मध्येबाट पहिलो चरणमा १६ नाटक छनोट गरिएको थियो । छनोट भएका १६ नाटकबाट अन्तिम चरणको लागि १२ नाटक छनोट गरिएको महोत्सव संयोजक समेत रहनुभएका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिनुभयो ।

'फागुन १३ गतेदेखि १६ गतेसम्म पोखरा थिएटरको गन्धर्व नाटकघरमा हरेक दिन ३ वटा नाटकका दरले ४ दिन नाटक मञ्चन गरिनेछ' परिवर्तनले भन्नुभयो । नाटक छनोटका लागि पौष २६ गतेबाट माघ २ गतेसम्म विभिन्न जिल्लामा गएर अवलोकन गरिएको थियो । अन्तिम चरणमा १० नाटक छनोट गर्ने भनिएपनि नाटकको प्रस्तुतीका आधारमा थप २ नाटकलाई प्रोत्साहन स्वरुप छनोट गरिएको आयोजकको भनाई छ। अन्तिम चरणको लागि नवलपुर जिल्लाबाट सबैभन्दा धेरै तीन नाटक छनोटमा परेका छन् । जसमा लिलाबहादुर भण्डारीको लेखन तथा निर्देशनमा कुमारी प्रा.वि.को हराएको खुशी, खगराज सापकोटाको लेखन तथा निर्देशनमा त्रिभुवन बाल माध्यमिक विद्यालयको जिम्मेवार को ? र अनामिका सापकोटाको लेखन तथा कमला कँडेलको निर्देशनमा बरचुली माध्यमिक विद्यालयको सक्षम छात्रा शिर्षकको नाटक रहेका छन् । कास्की जिल्लाबाट दुई नाटक छनोटमा परेका छन् । जसमा मनोज अधिकारीको लेखन तथा सोनिया कार्की खत्रीको निर्देशनमा भानुभक्त आवसीय माध्यमिक विद्यालयको शान्तिको अशान्ति शिर्षकको नाटक र सुनिता ज्ञवालीको लेखन तथा निर्देशनमा धर्मस्थली आधारभूत विद्यालयको आरोह अवरोह शिर्षकको नाटक रहेका छन्। लमजुङ जिल्लाबाट दुईवटा नाटक छनोट भएका छन् । जसमा भरत रानाको लेखन तथा निर्देशनमा युनिभर्सल एकेडेमीको धनवहादुर शिर्षकको नाटक र सुर्य बहादुर के.सी.को लेखन तथा पशूपति न्यौपानेको निर्देशनमा विद्याज्योति माध्यमिक विद्यालय सुन्दरबजारको जीउँदालाशहरु शिर्षकको नाटक रहेका छन् । तनहुँ जिल्लाबाट टुकादेवी पौडेलको लेखन तथा निर्देशनमा पञ्चमुनिदेव माध्यमिक विद्यालयको नाम बिनाको चिर्कटो छनोट भएको छ।

यसैगरी गोरखाबाट अनिता देसाईको लेखन तथा सुरेन्द्र देवकोटा नाट्य रुपान्तरण एवं निर्देशनमा शक्ती माध्यमिक विद्यालयको एक समर्पित छोरा शिर्षकको नाटक अन्तिम छनोटमा पर्न सफल भएको छ।

म्याग्दी जिल्लाबाट बेनी सामुदायिक माध्यमिक विद्यालयको बाल विवाह शिर्षकको नाटक छनोट भएको छ । कर्ण बस्यालले लेखेको यस नाटकलाई रामचन्द्र पौड्यालले निर्देशन गर्नु भएको छ । बाग्लुङ जिल्लाबाट कालीगण्डकी आवासीय माध्यमिक विद्यालयको विदेशिनु पर्दाको पिडा शिर्षकको नाटक छनोट भएको छ । जीवननाथ शर्मा रेग्मीको लेखन तथा अर्जुन थापाको निर्देशनमा यो नाटक तयार भएको छ। यस्तै पर्वत जिल्लाबाट न्यु होराइजन आवासीय माध्यमिक विद्यालयको मेरो समाजमा नारी शिर्षकको नाटक छनोटमा परेको छ। मिना रेग्मीको लेखन रहेको नाटकलाई रेजिना मल्लले निर्देशन गर्नुभएको छ। नाटक छनोटका लागि वरिष्ठ कलाकार प्रकाश घिमिरेको संयोजकत्वमा तीन सदस्यीय निर्णायक समिति बनाइएको थियो । जसको सदस्यमा निर्देशक तथा कलाकार माओत्से गुरुङ र कलाकार प्रमिला तुलाचन रहनुभएको छ। उहाँहरुले सम्बन्धित ठाउँमा पुगेर नाटकको अवलोकन गरेर उत्कृष्ट १२ छनोट गर्नुभएको हो । 'विद्यालयमा रंगमञ्च,अर्थपूर्ण बाल सहभागीताको आधार' भन्ने मुल मन्त्रका साथ आयोजना गरिएको महोत्सवमा गण्डकी प्रज्ञा-प्रतिष्ठानको प्रमुख सहकार्य एंव नेपाल सङ्गीततथा नाट्य-प्रज्ञा प्रतिष्ठान काठमाण्डौं र पोखरा प्रज्ञा-प्रतिष्ठानपोखराले सहकार्य गरेका छन् । गएको वर्षदेखि पोखरा थिएटरले गण्डकी प्रदेशस्तरिय विद्यालय नाटक महोत्सवको आयोजन गर्न थालेको हो । त्यसभन्दा अगाडि थिएटरले पोखरा महानगरपालिका स्तरिय नाटक महोत्सव समेत आयोजना गरेको थियो ।

# कपाल, छाला तथा यौन रोग उपचार केन्द्र संचालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ माघ**

पोखरा १० इन्द्रचोकमा आरोग्य कपाल छाला तथा यौन रोग उपचार केन्द्र यहि फागुन ७ गते शनिबार बाट संचालनमा आउने भएको छ।

यस केन्द्रमा कपाल प्रत्यारोपण तथा कपाल सम्बन्धी सम्पूर्ण उपचार को व्यवस्था विशेषज्ञ चिकित्सकबाट गरिने व्यवस्था मिलाइएको छ। साथ छालाका विभिन्न रोगहरु, यौन रोगको पनि नियमित परिक्षण तथा उपचार हुनेछ।

कपालमा हुने विभिन्न समस्याहरु जस्तै समय अगाडि कपाल फुल्ने, तालु भएको, झर्ने, टाउकोमा टाटु परेको, पातलो भएको, चाया पर्ने, जम्रा पर्ने, टुक्रा परेर झर्ने, कपाल नराम्रो देखिने, झुसिलो देखिने, कपालका कुनै पनि समस्या भएमा, कपाल रोप्नु परेमा, कपाल राख्नु परेमा यस उपचार केन्द बाट सेवा उपलब्ध हुने छ। काठमाडौबाट आउनुहुने विशेषज्ञ चिकित्सकबाट सेवा शुभारम्भ गरिने पनि व्यवस्थापन ले जनाएको छ भने शुभारम्भको अबसरमा विशेष छुटको पनि व्यवस्था मिलाइएको छ।

व्यवस्थापन आरोग्यधाम होमियोप्याथिक हस्पिटल प्रा. लि. मार्फत गरिएको व्यवस्थापक डा. विण्णु चापागाईले जानकारी दिनुभयो।

# बाराही वेकरीको तेस्रो शाखा मनिपालमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ माघ**

बाराही वेकरीको तेस्रो शाखा सञ्चालनमा आएको छ।

पोखरा महानगरपालिका-११ फुलबारी स्थित मनिपालमा ७० लाखको लगानीमा संचालनमा आएको शाखाको शुक्रबार एक कार्यक्रमकाबिच पोखरा उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष पवन प्रजापतिले उद्घाटन गरे।

कार्यक्रममा बोल्दै बरिष्ठ उपाध्यक्ष प्रजापतिले छोटो समयमा नै वेकरीले आफ्नो तेस्रो शाखा विस्तार गर्न सफल भएको भन्दै खुशी व्यक्त गरे । उनले पोखरा उद्योग वाण्जिय संघका पूर्व अध्यक्ष विश्वशंकर पालिखेका पालमा पोखराले विकाश निर्माण तथा सामाजिक क्षेत्रमा मुहार फेर्न सफल भएको स्मरण समेत गरे । त्यस्तै सञ्चालक सुनयना पालिखेले करिब डेढ बर्ष अगाडी कोरोनाकालमा वेकरी व्यवसाय सुरु गरेको भन्दै उनले ग्राहकहरुको मायाका कारण छोटो समयमा नै आफूहरुले तेस्रो शाखा विस्तार गर्न सफल भएको बताइन् । वेकरीमा हाल सम्म ३ करोड भन्दा बढीको लगानी रहेको उनको भनाई छ । त्यस्तै पोखरा उद्योग वाण्जिय संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले बाराहीले वेकरीको क्षेत्रमा छोटो समयमा नै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताए । उनले शाखा विस्तारले थप रोजगारीको वातावरण सिर्जना गरेको बताए । वेकरीले यसअघि पोखराको लेकसाईड र न्युरोडमा शाखा सञ्चालनमा ल्याइसकेको छ।

# पोखरालाई...

खर्च प्रदेश सरकारले बेहोर्ने भनेर गरेको निर्णय अब कार्यान्वयनमा जाँदै गरेको उनले सुनाए। व्यवसाय जीवन रक्षा कोषको कार्यविधि हालै मात्र संशोधन गरेर विकास बैंकहरुलाई पनि यसमा सहभागी गराइएको जानकारी उनले दिए । यसका साथमा दुम्कीवास त्रिवेणी सडक खण्डमा निकुन्जको अवरोध हटेर अब काम अगाडि बढेको, डेढगाउँ झ्यालवास सडक खण्डका लागि ठेक्का लागिसकेको पनि उनले सुनाए। कार्यक्रममा पोखरा महानगरका मेयर मानबहादुर जिसीले पोखरालाई सुन्दर बनाउनका लागि सबै एकजुट हुनुपर्ने भन्दै यसमा प्रदेश सरकारले पनि साथ दिनुपर्ने भनाइ राखे।

उपमेयर मञ्जुदेवी गुरुङले ५ वर्षको अवधिमा महानगरले देखिने गरी काम गरेको बताइन् । उक्त अवसरमा वडाध्यक्षद्वय रामराज अधिकारी, शोभामोहन पौडेल, प्रमुख प्रशासकीय अधिकृत बलराम रिज्यालले भनाइ राखेका थिए।

# निजी क्षेत्रद्वारा प्रतिलिटर दूधमा १० रुपैयाँ बढाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ माघ**

नेपाल डेरी एशोसियशन र डेरी उद्योग सङ्घले दूधको मूल्य लिटर १० रुपैयाँ वृद्धि गर्ने घोषणा गरेका छन्।

निजी क्षेत्रबाट दूध बिक्री गर्ने यी दुई डेरी उद्योगले यहाँ आज पत्रकार सम्मेलन गरी सरकारले निर्धारण गरेको दूधको मूल्य आफूहरूलाई मान्य नहुने भन्दै यही फागुन १ गतेदेखि लागू हुने गरी दूधको प्रतिलिटर मूल्य १० रुपैयाँले बढाएर ८६ रुपैयाँ कायम गरेको घोषणा गरेका हुन्।

त्यसैगरी किसानले पाउने मूल्य प्रतिलिटर ५३ रुपैयाँ ४५ पैसाबाट बढाएर ६२ रुपैयाँ कायम गरिएको छ। सो मूल्यको दूधमा चार प्रतिशत फ्याट र आठ प्रतिशत एसएनएफको गुणस्तर कायम हुनुपर्छ। पहिला स्ट्यान्डर्ड प्रशोधन गरिएको दूधको प्रतिलिटर मूल्य ७६ रुपैयाँ थियो भने अब ५०० एमएलको एक प्याकेटको खुद्रा बिक्रि मूल्य ४३ रुपैयाँ रहेको छ। डेरी उद्योग सङ्घका अध्यक्ष राजकुमार दाहालले दूधको मूल्यबारे पटकपटक सरकार र सम्बन्धित निकायलाई सल्लाह र सुझाव दिँदासमेत बेवास्ता भएपछि आफूहरूले मूल्य घोषणा गर्न बाध्य भएको जानकारी दिनुभयो।

# स्थानीय तह निर्वाचन नमूना बनाऔँ : प्रमुख निर्वाचन आयुक्त थपलिया

**रासस**
**काठमाडौं, २८ माघ**

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन स्वच्छ र स्वतन्त्र तुल्याउन तथा मतदाताको सहभागिता बढाउन सूचना र प्रसारणका माध्यमद्वारा गर्न सकिने कार्यबारे छलफल गरेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस काउन्सिल नेपाल, विज्ञापन बोर्डसहित चारवटै सार्वजनिक सञ्चारमाध्यम र दूरसञ्चार सेवा प्रदायक संस्थाका प्रमुखसँग आज आयोगले आगामी वैशाख ३० गते हुने निर्वाचनबारे छलफल गरेको हो । स्थानीय तह निर्वाचनलाई प्रभावकारी तुल्याउन सार्वजनिक सञ्चार माध्यममार्फत गरिने क्रियाकलापलाई कसरी सहजीकरण गर्न सकिन्छ भनेर छलफल गरिएको थियो । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनलाई प्रभावकार ीरूपमा सञ्चालन गर्न, निर्वाचन प्रति आम मतदातालाई आश्वस्त तुल्याउन, उत्प्रेरित गर्न, सञ्चार माध्यमको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । उहाँले भन्नुभयो, "आयोगले यो काम आफैँले गर्न सक्दैन, निर्वाचनमा तपाईँहरूबाट सबै सहयोग हुन्छ भन्ने अपेक्षा गरेका छौँ।" निर्वाचनसम्बन्धी सूचना, समाचार र विचारलाई अहिले भइरहेको नियमित प्रणालीबाट प्रयोग बढाउन, वार्षिक बजेट र कार्यक्रमबाटै निर्वाचनमुखी कार्यक्रम गर्न सुझाव दिँदै आयोगले निर्वाचनलाई लक्षित गरी मतदाता प्रोत्साहन हुने र निर्वाचनको वातावरण बनाउने कार्यक्रम गर्न आवश्यक पर्ने वित्तीय पक्षबारे जानकारी माग गरेको छ । स्थानीय तहको निर्वाचन राजनीतिक दृष्टिकोणबाट सवल संयन्त्र निर्माण गर्ने अवसरका रूपमा रहेको छ। निर्वाचनका लागि आयोग बजेट तर्जूमा गर्ने चरणमा काम गरिरहेको छ। कानून र स्थानीय तहको संरचना अनुसार स्थानीय तहमा प्रत्यक्ष निर्वाचित ३५ हजार २२१ प्रतिनिधि आगामी निर्वाचनबाट निर्वाचित भएर आउने छन्। स्थानीय तहको सभाका लागि थप चार हजार ९६८ जनप्रतिनिधिको पनि चयन हुनेछ। सार्वजनिक सञ्चार माध्यमका क्रियाकलापलाई निर्वाचनमुखी र केन्द्रित तुल्याउन सुझाव दिँदै आयोगले मुलुकमा स्थापना हुने करिब १२ हजार मतदान स्थलमा प्रविधिका माध्यमबाट दस्तावेजीकरण गर्न सकिने व्यवस्था मिलाउन दूरसञ्चार प्रदायक निकायलाई निर्देशन दिइयो।

**तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

**विचार गर्नुस,**
**के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# १०८ फिट व्यासमूर्ति निर्माण हुने

**पोखरापत्र संवाददाता**
**दमौली, २८ माघ**

१०८ फिटको व्यासमूर्ति निर्माणका लागि पूर्वाधार निर्माणलाई तीव्रता दिइएको छ। महर्षि वेदव्यासको जन्मभूमि दमौलीमा १०८ फिटको मूर्ति निर्माणका लागि पूर्वाधार निर्माणलाई अगाडि बढाइएको हो।

व्यास नगरपालिका-३ स्थित व्यासगुफा क्षेत्रमा मूर्ति निर्माणका लागि आवश्यक पूर्वाधार निर्माणको काम भइरहेको व्यास क्षेत्र शिवपञ्चायन विकास कोषका अध्यक्ष अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो। हाल मूर्ति अड्याउने स्तम्भ निर्माणको काम चलिरहेको छ। "स्तम्भ निर्माणका लागि हाल भुइँ ढलानको काम सकिएको छ," श्रेष्ठले भन्नुभयो, "आगामी जेठ ३० गतेभित्र मूर्ति अड्याउने स्तम्भ निर्माणको काम सम्पन्न गर्ने लक्ष्य छ।" व्यासमूर्ति निर्माणका लागि रु ७१ करोड दुई लाख १० हजार ८८९ रकम आवश्यक पर्ने अनुमान गरिएको छ। पहिलो चरणमा रु पाँच करोड ८४ लाख ८४ हजार ५२ को लागतमा मूर्ति अड्याउने स्तम्भ निर्माण गरिनेछ।

यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समपूरक अनुदान रु तीन करोड ८० लाख १४ हजार ५३३ रहेको छ भने व्यास नगरपालिकाले रु दुई करोड चार लाख ६९ हजार ४१९ लागत साझेदारी गरेको छ। विसं २०७८ जेठ ३० गते सम्झौता भएर सुरु भएको स्तम्भ निर्माणको काम विसं २०७९ जेठ ३० गतेभित्र सम्पन्न गर्ने गरी श्री गौरी पार्वती/देव एन्ड सयर/ऋषिशक्ति जेभीसँग सम्झौता भएको छ। विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार मूर्ति र पेडेस्टल (स्तम्भ) निर्माणका लागि मात्रै रु ३४ करोड १६ लाख ७६ हजार ९९३ लाग्ने अनुमान गरिएको छ। व्यासको मूर्ति निर्माणको थालनी विसं २०६८ देखि भएको थियो। मूर्ति निर्माणका लागि रकम सङ्कलन गर्न सो बेला आयोजना गरिएको महायज्ञबाट करिब रु ७० लाख सङ्कलन भएको थियो। उक्त रकममध्ये रु १० लाखको लागतमा नमूना मूर्ति निर्माण गरिएको छ, जुन व्यास नगरपालिकाको हाताभित्र राखिएको छ। व्यासमूर्ति निर्माणका ३० हजार किलो तामा आवश्यक पर्ने अनुमान छ। पेडेस्टल (स्तम्भ) भित्र सङ्ग्रहालय, पुस्तकालय हल प्रस्ताव गरिएको छ। गुरुयोजनाअनुसार व्यासको मूर्तिका अलावा प्रवेशद्वार, पार्किङ, टिकट काउन्टर, गार्ड घर, कोसेली घर, बिक्री कक्ष, धर्मशाला, प्रवचन हल, योग हल, समितिको सचिवालय बैठक कक्ष, सङ्ग्रहालय, वृत्तचित्र हल, व्यास पुस्तकालय, शौचालय, बगैँचाको साथ विश्राम घर, तलाउसहितको मत्स्यगन्धा पार्क, चमेनागृह, पुजारी घर, २७ वटा साना व्यासका मूर्ति, व्यासका अनुयायीहरूको पाँच साना प्रतिमाहरू र गणेश बसेर वेद लेखेको सानो मूर्ति प्रस्ताव गरिएको छ। यी सबै संरचना निर्माणका लागि ६० रोपनी क्षेत्रफल जग्गा आवश्यक पर्दछ।

वेदव्यासको जन्मभूमि दमौलीलाई धार्मिक पर्यटकीय क्षेत्र बनाउन एक दशकअघिदेखि प्रयास हुँदै आएको छ। व्यासभूमि दमौलीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने उद्देश्यसहित विगतमा विविध कार्यक्रम हुँदै आएका छन्। गण्डकी प्रदेशको पर्यटन मन्त्रालयमार्फत पनि कोषलाई रु ३० लाख बजेट प्राप्त भएको थियो। उक्त रकमबाट पूर्वतर्फको प्रवेशद्वार र देउरालीनगरतर्फबाट आउने बाटो निर्माणको काम गरिएको छ। मन्त्रालयबाटै गत वर्ष प्राप्त रु १० लाखको लागतमा मुख्य प्रवेशद्वारको केही काम गरिएको छ।

# बेनीमा यातायात व्यवस्थापन गर्न वैकल्पिक सडक

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ माघ**

सदरमुकाम बेनी बजारभित्र सवारीको चाप घटाउन, जाम हटाउन र दुर्घटना न्यूनीकरणका लागि वैकल्पिक सडक सञ्चालन भएको छ। बेनी नगरपालिका-७ र ८ मा पर्ने बेनीलाई नदी कटानबाट जोगाउन कालीगण्डकी र म्याग्दी नदीको किनारमा तटबन्ध निर्माण भएपछि बनेको खाली भागमा सडक बनाएर यातायातका साधन सञ्चालन गर्न थालिएको हो। नगर प्रमुख हरिकुमार श्रेष्ठले साँघुरो सडक भएको बजारभित्र सवारी व्यवस्थापन गर्न वैकल्पिक सडक, बहुउद्देश्यीय मैदानमा बसपार्क, एकतर्फी सवारी सञ्चालन गराइएको बताउनुभयो। "पोखरा र पर्वत हुँदै बेनी आएका म्याग्दीको पश्चिमी क्षेत्र जाने तथा बागलुङ र म्याग्दी भेगबाट बेनी हुँदै मुस्ताङ र पर्वततर्फ जाने मालवाहक सवारी साधनलाई कालीगण्डकी र म्याग्दी नदीको किनारमा बनाइएको सडकबाट गन्तव्यतर्फ जाने व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो, "बजारभित्र लोड, अनलोड गर्नेबाहेक ट्रक, ट्याक्टर वैकल्पिक सडकबाट पठाउँदा व्यवस्थापन गर्न सहज भएको छ।" नदी किनारमा निर्माण भएको तटबन्धलाई असर नपुग्ने गरी ढुङ्गा र माटोले फिलिङ गरेर म्याग्दी प्रवेशद्वार कालीपुलबाट कालीगण्डकी र म्याग्दी नदीको दोभान हुँदै दरबाङ बसपार्क जोड्ने करिब एक किलोमिटर दूरीको वैकल्पिक सडक सञ्चालन भएको छ। बहुउद्देश्यीय मैदानमा नगरपालिकाले रु २० लाख बढी खर्चेर पूर्वाधार बनाएर बेनी-दरबाङ, बेनी-पाखापानी, बेनी-बरङ्जा, बेनी-बागलुङलगायत पश्चिमी क्षेत्रमा चल्ने बस, जीप र ट्याक्सी पार्किङ गर्ने व्यवस्था मिलाइएको छ। सो बसपार्कमा १०० सवारी साधन पार्किङ गर्ने क्षमता छ। नयाँ बसपार्क सञ्चालन भएपछि सडकमै यात्रुवाहक सवारी पार्किङ गर्नुपर्ने समस्या हटेको बेनी-७ का वडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले बताउनुभयो। एकतर्फी पार्किङ र यातायात सञ्चालन पनि बेनी बजारको यातायात व्यवस्थापनका लागि भएको अर्को पहल हो। गत पुस १ गतेदेखि एकतर्फी यातायात सञ्चालन भएपछि बेनी बजारभित्र दुर्घटना घटेका र जामको समस्या हटेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख इन्द्रबहादुर नेपालीले बताउनुभयो। बेनी बजारभित्र सञ्चालन हुने सवारी साधनले क्याम्पसचोकबाट गणेशटोल, सङ्गमचोक, बालमन्दिर चोक, जिल्लाप्रशासनकार्यालयअगाडिको चोक, हुलाकचोक, न्यूरोड हुँदै पुनः क्याम्पसचोक पुग्ने गरी सडक प्रयोग गर्नुपर्ने नियम बनाइएको छ। वैकल्पिक सडकको धुलो र हिलोको समस्या हटाउन ग्राभेल गर्न लागिएको बेनी-८ का वडाध्यक्ष रामकृष्ण बराइलीले बताउनुभयो। गत पुस २८ गते भएको नगरसभाले दरबाङ बसपार्कमा नाली निर्माण र वैकल्पिक सडक ग्राभेल गर्न दुई शीर्षकमा रु १६ लाख विनियोजन गरेको थियो। यसअघि कालीपुलबाट गणेशटोल हुँदै बेनीबजार छिर्ने र बाहिरिने वैकल्पिक सडक पनि बनाइएको थियो।

# तातोपानी बजार र दुखुबेँसीगाउँ संरक्षणका लागि बजेट माग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ माघ**

म्याग्दी नदीको कटानका कारण जोखिममा परेको बेनी नगरपालिका-४स्थित उपल्लो तातोपानी बजार र मालिका गाउँपालिका-६, दुखुबेँसीगाउँ संरक्षणका लागि नेपाल सरकारसँग बजेट माग गरिएको छ।

नेपाली कांग्रेसका जिल्लासभापति खमबहादुर गर्बुजा 'खम्बीर'ले सिङ्गो तातोपानी बजार नै कटानको जोखिममा परेकाले तत्काल बजेट विनियोजन गरी बजार संरक्षणका लागि सङ्घीय सरकारबाट यथेष्ट बजेट विनियोजनको माग गर्दै प्रधानमन्त्री देउवालाई अनुरोधसहित वस्तुगत विवरण हस्तान्तरण गर्नुभएको हो।

बजार संरक्षणमा अहिलेसम्म बजेट नराखिएकाले यसपटक संरक्षणको काममा ढिलाइ भए अबको बर्खामा थप क्षति हुने जानकारी समेत प्रधानमन्त्री देउवालाई गराइएको उहाँले जानकारी दिनुभयो। तातोपानीको मसार बस्तीका १४ घरमध्ये आठ घर विस्थापित हुनाका साथै अन्य घरधुरीसमेत जोखिममा रहेका छन्।

नदीले धार परिवर्तन गरेर बस्ती कटान गर्न थालेको अवस्थामा बर्खा अगाडि नै मुख्य जोखिम स्थानमा संरक्षणको काम गर्नुपर्ने स्थानीयवासीको भनाइ थियो। यसअगाडि नेपाली कांग्रेसका नगर सभापति रवीन्द्र केसीमार्फत राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेललाई बजार संरक्षणका लागि दीर्घकालीन योजनाको माग गर्दै ज्ञापनपत्र बुझाइएको थियो।

तातोपानी बस्ती संरक्षणका लागि नगरपालिका र गण्डकी प्रदेशबाट प्राविधिक ल्याएर डिपिआरको कामसमेत भएको थियो भने नगरपालिका र जिल्लाका राजनीतिक दलले समेत राहत वितरण गरेका थिए। यसैबीच मालिका गाउँपालिका-६ दरबाङको तल्लो दुखुमा नदी कटानबाट संरक्षणका लागि पनि रु १ करोड ५० लाख बजेट माग गर्दै सभापति गर्बुजा र पालिका अध्यक्ष श्रीप्रसाद रोकाले प्रधानमन्त्रीमार्फत सम्बन्धित मन्त्रालयमा बजेट माग गर्नुभएको थियो। भेटघाट तथा बजेट मागका बारेमा प्रधानमन्त्री देउवाले तातोपानी र दुखुबेँसीसंरक्षणका लागि प्रतिबद्धता जनाउँदै थप बजेटसहित कार्यविधिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पठाएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको थियो।

# शून्य लागतमा पशुधन बीमा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ माघ**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले किसानको शून्य लागतमा पशुधन बीमा गरिदिएको छ। सङ्घीय सरकारले ८० प्रतिशत र प्रदेश सरकारले २० प्रतिशत रकम ब्यहोर्ने गरी पशुधनको बीमा गरिएको हो। पशु बीमाको प्रिमियमका लागि रु ४० लाख विनियोजन गरिएको सो कार्यालयले जनाएको छ।

व्यावसायिक रूपमा पशु फार्म सञ्चालन गरेका किसानको रु दुई लाखसम्मको बीमा गरिएको कार्यालयका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो। पशुपालन गर्दा कतिपय अवस्थामा बस्तुले हानेर फार्म सञ्चालककको मृत्यु हुने गरेकोले किसानको समेत बीमा गरिएको उहाँले बताउनुभयो।

गत आर्थिक वर्ष सङ्घीय सरकारबाट ७५ प्रतिशत र गण्डकी प्रदेश सरकारबाट २५ प्रतिशत बीमाका लागि सहयोग प्राप्त भएको थियो। गतवर्ष एक हजार पाँच सय एघार किसानले रु ४५ लाख बराबरको प्रिमियम लिएका थिए। कार्यालय प्रमुख श्रेष्ठले भन्नुभयो,"यस वर्षको साउनदेखि हालसम्म दुई सय किसानले पशु बीमा गराएका छन्, पछिल्लो समय बीमातर्फ किसानको आकर्षण बढ्दै गएको पाइन्छ।" पशुपालक किसानमा बीमा गर्नुपर्छ भन्ने चेतना आएको छ। कुनै वर्ष किसानले पशुको बीमा नगर्दा विनियोजित बजेट पनि फ्रिज भएर फिर्ता भएको थियो। गतवर्ष ७ हजार ६२९ पशुको बीमा गराउँदा रु ४० करोड २० लाख बीमाङ्क रकम बराबरको पशुधन बीमा भएको थियो। यसरी पशुधन बीमा गराउँदा कुनै कारणले पशुको मृत्यु भएमा ९० प्रतिशतसम्म किसानले क्षतिपूर्ति पाउने भएकोले ठूलो क्षति हुनबाट जोगाउन सकिने हुँदा पशुधन बीमालाई प्राथमिकतामा राखिएको हो। मासु, अण्डा र दूधमा जिल्ला आत्मनिर्भर भई बाह्य जिल्लामा निर्यातसमेत गर्न थालिसकेको बताइएको छ। दूध उत्पादनमा वृद्धि गर्ने उद्देश्यले उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत किसानलाई प्रतिलिटर दूधमा साढे दुई रुपैयाँ अनुदान दिन थालिएको छ।

# एमसिसी परियोजना नेपालको हितमा छ, पास गर्नुपर्छ : प्रवक्ता डा महत

**रासस**
**काठमाडौं, २८ माघ**

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले अमेरिकी सहयोग परियोजना, एमसिसी नेपाल जस्ता विकासोन्मुख देशको मागका आधारमा तयार भएकाले नेपालबाट यसलाई पारित गर्नुपर्ने बताउनुभएको छ।

उहाँ नेपाली कांग्रेसको प्रवक्ता मनोयन हुनुभएकामा बधाइ ज्ञापन गर्न नेपाल प्रेस युनियनले आज यहाँ आयोजना गरेको कार्यक्रममा डा महतले यो परियोजना जतिसक्दो चाँडै संसद्मा पेश गरी पारित गर्नुपर्नेमा जोड दिनुभयो। प्रवक्ता डा महतले पछिल्लो एक वर्षमा एमसिसीलाई गिजोल्ने काम मात्र भएको टिप्पणी गर्नुभयो। उहाँले नेपालमा सबै राजनीतिक दलहरु यसको समर्थनमा रहेका र हुनुपर्ने बताउनुभयो। उहाँको भनाइ थियो, "अहिले विरोधमा रहेका यहाँका कतिपय दल र तिनका नेताहरुको पनि एमसीसीमा सहभागिता र समर्थन रहेको थियो। तर दुःखद् कुरा के छ भने पछिल्लो एक वर्षदेखि उनीहरुले नै एमसीसीलाई गिजोल्ने काम गरेका छन्। भ्रम फैलाउने गरी प्रचार गरिएको छ, यो दुर्भाग्य हो।" यो आयोजना नेपालकै प्राथमिकताका आधारमा अमेरिकाले तय गरेको र निःशुल्क सहयोग परियोजना भएकाले यो अनुदान फिर्ता गर्न नहुने पनि स्पष्ट गर्नुभयो। यो कुनै इन्डोप्यासिफिक रणनीति तथा सैन्य परियोजना नभएर नेपालकै कानुनअनुसार सञ्चालन हुने र नेपालको चाहनाअनुसार नै आएको स्पष्ट गर्नुभयो। प्रवक्ता डा महतले देशका जिम्मेवार राजनीतिक दलले नै एमसिसीको विरोध गर्नु दुर्भाग्य हो भन्नुभयो। उहाँले भन्नुभयो, "नेपालले आफ्नै प्राथमिकतामा छानेको परियोजनाको अहिले पास गर्ने बेलामा आएर विरोध गर्नु, अनावश्यक रुपमा भ्रम छर्ने काम गर्नु दुःखद् हो।" राष्ट्रिय मुद्दाका महत्वपूर्ण विषयमा जनतामा भ्रम छर्ने काम भइरहेको भन्दै डा महतले हिजो अरुण तेस्रो जलविद्युत् आयोजना कांग्रेस नेतृत्वको सरकारले अघि बढाउँदा त्यसमा पनि राष्ट्रघात देख्नेहरुले पछि सो आयोजनाको आवश्यकता देखेको भन्दै अहिले एमसिसीमा पनि त्यस्तै भ्रम छर्ने काम गरेको बताउनुभयो। संसद्मा दर्ता भइसकेको प्रस्ताव संसद्मा पेश गर्नु सभामुखको दायित्व भएको पनि उहाँले स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "सभामुखले संसद्मा टेबल गर्नुपर्छ र प्रक्रिया अगाडि बढाउनुपर्छ। सरकारले दर्ता गरेको प्रस्ताव सदनमा अगाडि बढाउनु सभामुखको दायित्व हो। सदनमा बुँदागत छलफल हुन्छ। दूधको दूध पानीको पानी छुट्टिन्छ।"

# चितवनको राप्तीमा बर्डफ्लू देखियो

**पोखरापत्र संवाददाता**
**चितवन, २८ माघ**

यहाँ बर्डफ्लू रोगको सङ्क्रमण पुनः देखिएको छ। राप्ती नगरपालिका-६ स्थित अनिता पशुपक्षी कृषि फर्ममा बर्डफ्लू देखिएको हो।

प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले कुखुरा मर्न थालेपछि यही माघ २५ गते नमूना सङ्कलन गरी काठमाडौं पठाइएकामा बिहीबार सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो। उहाँका अनुसार बर्डफ्लूको एचपाइभ एनवान सङ्क्रमण देखिएको हो। उक्त फर्ममा दुई हजार कुखुरा छन्। उक्त फर्मको एक सय मिटर वरपर रहेका पक्षी नष्ट गर्ने काम आज हुने उहाँले बताउनुभयो। फर्मको दुई किलोमिटर वरपर निगरानी राख्दै बेचबिखनमा रोक लगाइने उहाँको भनाइ छ। शङ्कास्पद फर्महरूको नमूना सङ्कलन गरी परीक्षण गरिने उहाँले जानकारी दिनुभयो। बर्डफ्लू रोकथाम तथा नियन्त्रण समिति चितवनको आज बसेको बैठकले बर्डफ्लू नियन्त्रण नियमावली २०७८ अनुसार नियन्त्रणको काम अघि बढाउने निर्णय गरेको उहाँको भनाइ छ।

# पशुपतिनाथ मन्दिर खुलाभएसँगै भक्तजनका भीड

**रासस**
**काठमाडौं, २८ माघ**

कोरोना भाइरसको तेस्रो लहरका कारण माघ पहिलो सातादेखि बन्द रहेको पशुपतिनाथ मन्दिर आज बिहानदेखि भक्तजनका लागि खुला गरिएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंको यही माघ २३ गतेको आदेश अनुसार मठ, मन्दिर, मस्जिद, गुम्बा, चच,लगायतकास्थलमा जनस्वास्थ्य मापदण्डपालना गरी एक पटकमा ५० जनाभन्दा बढी नहुने गरी पूजा, ध्यान वा प्रार्थना गर्न सकिने उल्लेख भए अनुसार शुक्रबार बिहानदेखि पशुपतिनाथ मन्दिर खुला गरिएको हो।

पशुपति क्षेत्र विकास कोषले महाशिवरात्रिको तयारी गरेसँगै पशुपतिनाथ मन्दिर खुला गरेको हो। विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डपालना गरेर आजदेखि पशुपतिनाथ मन्दिर खुला गरिएको कोषका सदस्य सचिव डा मिलनकुमार थापाले बताउनुभयो।

कोरोना सङ्क्रमण तेस्रो लहर बढ्न थालेपछि गत माघ ५ गतेदेखि पशुपतिनाथ मन्दिर भक्तजनका लागि बन्द गरिएको थियो। मन्दिर बन्द भएपछि माघ ५ गतेदेखि बिहीबारसम्म नित्य पूजामात्र हुँदै आएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो। मन्दिर आजदेखि खुलेपनि विशेष पूजा भने शनिबारदेखि सुरु गरिने उहाँले बताउनुभयो। करिब २३ दिनपछि खुलेको पशुपतिनाथ मन्दिरमा दर्शनका लागि बिहानैदेखि भक्तजनको भीड लागेको छ।

प्रशासनको आदेश अनुसार ५०/५० जना भक्तजनलाई स्वास्थ्य मापदण्डपालना गरी मन्दिर प्रवेश गराइएको छ। महाशिवरात्रि नजिकिएपछि पशुपति क्षेत्रमा भक्तजनको चहलपहल पनि बढ्ने गरेको छ। यसवर्ष फागुन १७ गते महाशिवरात्रि पर्व परेको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : मन चञ्चल | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : व्यापारमा लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ९, दरबारथोक मार्ग २ को सीता खवासको घरदेखि कृष्ण रानाभाटको घरसम्मको बाटो पिसिसि ताथा खानेपानी पाईप मर्मत गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : दरबारथोक मार्ग २ सीता खवासको घरदेखि कृष्ण रानाभाटको घरसम्मको बाटो पिसिसि ताथा खानेपानी पाईप मर्मत
आव २०७८/०७९
उपभोक्ता समिति : सीता खवासको घरदेखि कृष्ण रानाभाटको घरसम्मको बाटो पिसिसि तथा खानेपानी पाईप मर्मत पोखरा ९
स्वीकृत प्राप्त भएको निकाय : वडा स्तिरिय
योजना सुरु मिति : २०७८/०८/१५ गते
योजना सम्पन्न मिति : २०७८/१०/२० गते
योजनाको कुल लागत : रु. ५,४५,०००/-
उपभोक्ता समितिबाट : रु १,३५,२७८/-
जम्मा खर्च : रु. ७,०३,३२०/४०

**श्री विमला रानाभाट**
अध्यक्ष
दरवारथोक मार्ग २ सीता खवासको घरदेखि कृष्ण रानाभाटको घरसम्मको बाटो पिसिसि ताथा खानेपानी पाईप उपभोक्ता समिति, पोखरा-९,

# सम्झनामा 'विदुर काका'

**रासस**
**बागलुङ, २८ माघ**

यहाँका सञ्चारकर्मीले दिवङ्गत अग्रज पत्रकार विदुर खड्कालाई 'अभिभावक र मार्गदर्शक'का रूपमा स्मरण गरेका छन् । खड्काको निधन भएको नवौँ दिनको पुण्यतिथिमा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाद्वारा आयोजित शोकसभामा बोल्ने वक्ताले धवलागिरि क्षेत्रमा पत्रकारिताको उन्ननयमा उहाँको योगदान सम्मानयोग्य भएको धारणा राख्नुभयो ।

जीवनको आखिरीसम्म आफूलाई पत्रकारितामा सक्रिय राखेर ७८ वर्षको उमेरमा दिवङ्गत हुनुभएका खड्काले पत्रकारिता गरिरहेको नयाँ पुस्तालाई अनुभव र शिक्षा छाडेर गएको शाखाका उपाध्यक्ष नवीन शिशिर विकले बताउनुभयो । नेपाल पत्रकार महासङ्घको तत्कालीन धवलागिरि शाखाको संस्थापक संयोजक भएर महासङ्घको साङ्गठनिक जीवनमा खड्काले पुऱ्याउनुभएको योगदानलाई कहिल्यै बिर्सन नसकिने उहाँको भनाइ थियो । "विदुर काकाको निधनमा जसरी उहाँको परिवारजन दुःखी हुनुहुन्छ, हामीलाई पनि पत्रकारिता जगत्को अभिभावक गुमाउनुपर्दाको पीडा छ, उहाँ महासङ्घ बागलुङको जन्मदाता हुनुहुन्थ्यो", उपाध्यक्ष विकले भन्नुभयो । खड्काको संयोजकत्वमा विसं २०५७ मा गठित महासङ्घको धवलागिरि शाखा यस क्षेत्रका पत्रकारको पहिलो सङ्गठन थियो । पर्वत, म्याग्दी र मुस्ताङमा महासङ्घको सङ्गठन विस्तार भएपछि धवलागिरि शाखा बागलुङ शाखाका रूपमा रहन पुगेको थियो। पछि खुलेका शाखाले अहिले पनि बागलुङलाई मातृ शाखाका रूपमा लिन्छन् । उपाध्यक्ष विकले परिवारजनसँग समन्वय गरेर महासङ्घले दिवङ्गत खड्काको स्मृतिलाई चीरस्थायी बनाउन केही रचनात्मक कार्य गर्ने प्रतिबद्धता जनाउनुभयो । झण्डै ५० वर्षसम्म सञ्चारकर्ममा क्रियाशील रहनुभएका खड्काले नयाँ पिँढीलाई हरहमेशा पत्रकारिता कर्ममा प्रेरित गर्नुहुन्थ्यो । विसं २०२८ मा आफैँ प्रकाशक-सम्पादक भएर उहाँले यहाँबाट 'धौलाश्री' साप्ताहिकको प्रकाशन थाल्नुभएको थियो । विसं २०५८ मा दैनिकरूपमा प्रकाशन हुन थालेको उक्त पत्रिका विसं २०६३ मा बन्द भए पनि त्यसको अनलाइन संस्करणले निरन्तरता पाउँदै आएको थियो । केही महिनाअघिसम्म पनि पत्रकारितामा सक्रिय खड्का रोगले थलिँदै जाँदा उपचारका लागि काठमाडौँ बस्नुपर्ने भएपछि निष्क्रिय हुनुहुन्थ्यो । समाजमा देखापर्ने बेथिति, विसङ्गतिमाथि उहाँले 'कालीगङ्गा'का नामबाट कडा टिप्पणी लेख्नुहुन्थ्यो । जिल्लाका महत्वपूर्ण समाचारको 'ब्रेक' कहिलेकाहीँ खड्काले चलाएको 'ई-बागलुङ डटकम'मार्फत नै हुन्थ्यो । उहाँले गत वर्ष पत्रकार महासङ्घले निकालेको 'धवलागिरिको पत्रकारिता' ग्रन्थका लागि 'स्मृतिमा पत्रकारिताको ५० वर्ष : ट्रेडलदेखि अनलाइन पोर्टलसम्म' शीर्षकमा लेख लेख्नुभएको थियो । त्यो लेख नै उहाँको अन्तिम बन्न पुग्यो । त्यसमा खड्काले आफ्नो पत्रकारिता जीवनका सिकाइ, अनुभव र उतारचढावलाई लिपिबद्ध गर्नुभएको छ । लेखमा उहाँले विसं २०२४ मा पाटन कलेजमा अध्ययनरत छँदा कलेजको वार्षिक मुखपत्र 'ललिता'को सम्पादक भएर जिम्मेवारी ग्रहण गरेको सन्दर्भलाई सुरुमै उल्लेख गर्नुभएको छ । खड्काले विसं २०२७ मा गोरखापत्रको संवाददाताका रूपमासमेत काम गर्नुभएको थियो । विसं २०२८ मा 'धौलाश्री' साप्ताहिक प्रकाशनसँगै उहाँले निरन्तररूपमा बागलुङमा बसेर पत्रकारिता र महासङ्घको संस्थागत विकासमा आफूलाई समर्पित गर्नुभयो । उहाँ यहाँको पत्रकारिताको अनुज पुस्तामाझ 'विदुर काका' भनेर बढी चिनिनुहुन्थ्यो । शाखाका सचिव विजय रानाले पत्रकार-सञ्चारकर्मीसहित महासङ्घका पदाधिकारी दिवङ्गत खड्काको निवासमै पुगी शोकसभा राखेर श्रद्धाञ्जलि व्यक्त गरिएको बताउनुभयो । उहाँले सिङ्गै धवलागिरिको सञ्चार जगत्मा अग्रज पत्रकार खड्काको अभाव सधैँ खड्किरहने उल्लेख गर्नुभयो । लामो समयदेखि मिर्गौलासम्बन्धी रोगबाट ग्रसित उहाँको काठमाडौँमा उपचारका क्रममा यही माघ १९ गते निधन भएको थियो ।

# नेपालद्वारा ओमान पराजित

**रासस**
**काठमाडौं, २८ माघ**

चारदेशीय टी-ट्वान्टी क्रिकेट सिरिजअन्तर्गत नेपालले पहिलो खेलमा ओमानलाई ६ विकेटले पराजित गर्दै विजयी भएको छ ।

ओमनको अल अमेरात क्रिकेट ग्राउन्डमा १३६ रनको विजयी लक्ष्य नेपालले १९ दशमलव ३ ओभरमा ४ विकेट गुमाएर पूरा गऱ्यो । नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ७३ रन जोडे । दीपेन्द्रले ५३ बल खेल्दा ८ चौका र एक छक्का प्रहार गऱ्यो । आरिफ शेखले २५, आसिफ शेखले १४, ज्ञानेन्द्र मल्लले १३, प्रदीप ऐरीले ४ रन तथा शरद भेषावकरले पनि समान ४ रन जोडे । ओमानका कलिमुल्लाहले २ विकेट लिए भने खवार अलीले १ विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको ओमानले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १३५ रन जोड्यो । ओमानका लागि जिसन मक्सुदले अविजित ४३ रनको योगदान दिए भने मोहम्मद नदिमले ३१ रनको योगदान गरे । त्यसै जतिन्दर सिंहले १३, आयान खानले ११ तथा कस्यप प्रजापतिले ११ रन जोडे ।

बलिङतर्फ नेपालका अविनाश बोहराले सर्वाधिक ३ विकेट लिए भने कप्तान सन्दीप लामिछाने, कमल ऐरी र आरिफ शेखले एक/एक विकेट हात पारे । चार देश सम्मिलित सिरिजमा नेपालले भोलि शनिबार युएईसँग खेल्नेछ ।

# शहीद स्मारक 'ए' डिभिजन लिग: फ्रेन्ड्स विजयी

**रासस**
**काठमाडौं, २८ माघ**

शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत शुक्रबारदेखि सुरु भएको दसौँ चरणको पहिलो खेलमा फ्रेन्डस क्लब विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा फ्रेन्डस क्लबले ब्रिगेड ब्वाइज क्लबलाई ५-२ गोल अन्तरले पराजित गरेको हो । योसँगै फ्रेन्डसले प्रतियोगितामा पहिलो जीत दर्ता गराएको छ । फ्रेन्डसका लागि आजको खेलमा सुशील शाह र जमउल एन्थोनी फ्रान्सिओसले दुई-दुई तथा श्यामबाबु केप्छ्याकीले एक गोल गरे ।

ब्रिगेड ब्वाइजका लागि ड्याडी जुनियर वाम्बा र अनिल गुरुङले एक-एक गोल गरे । खेलको १४औँ मिनेटमा सुशीलले फ्री-किकमार्फत गोल गर्दै फ्रेन्डसलाई सुरुआती अग्रता दिलाएका थिए । खेलको २५औँ मिनेटमा ब्रिगेड ब्वाइजका ड्याडीले फ्री-किकमार्फत गोल फर्काउँदै खेललाई १-१ को बराबरीमा ल्याए । त्यस्तै खेलको २७औँ मिनेटमा श्यामबाबुले गोल गर्दै फ्रेन्डसलाई २-१ को अग्रता दिलाए । खेलको पहिलो हाफको अतिरिक्त समयको दोस्रो मिनेटमा जमउलले गोल गर्दै फ्रेन्डसलाई ३-१ को अग्रता दिलाए । निशेन सुब्बाको फ्री-किकमा उनले गोल गरे । खेलको ७६औँ मिनेटमा जमउलले व्यक्तिगत दोस्रो गोल गर्दै फ्रेन्डसलाई ४-१ को अग्रता दिलाए । खेलको ७८औँ मिनेटमा सुशीलले व्यक्तिगत दोस्रो गोल गर्दै फ्रेन्डसलाई ५-१ को अवस्थामा पुऱ्याए । प्रिजेनको पासमा उनले गोल गरेका थिए ।

खेलको ८६औँ मिनेटमा विग्रेड ब्वाइजका अनिलले पेनाल्टीमार्फत एक गोल थपे पनि फ्रेन्ड्स ५-२ ले विजयी भयो । पहिलो जीतसँगै अङ्क तालिकाको अन्तिम स्थानमा रहेको फ्रेन्डस तत्कालका लागि रेलिगेसन जोनबाट जोगिएको छ । दश खेलबाट ६ अङ्क जोडेर फ्रेन्ड्स १२औँ स्थानमा उक्लिएको छ । हारसँगै समान ६ अङ्क नै रहे पनि बिबिसी अङ्क तालिकाको १३औँ स्थानमा छ । त्यस्तै ५ अङ्क बटुलेको च्यासल युथ क्लब तालिकाको अन्तिममा छ ।

# पर्वतमा एक करोडको लागतमा बौद्ध बिहार निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**पर्वत, २८ माघ**

जलजला गाउँपालिका-९ बनौमा बौद्ध बिहार निर्माण सुरु गरिएको छ ।

सरकारी निकाय र दाताहरूबाट सहयोग जुटाएर करिब रु एक करोडको लागतमा निर्माण गर्न लागिएको बिहारको बिहीबार गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी बरालले शिलान्यास गर्नुभयो ।

उक्त बौद्ध बिहार निर्माणमा गण्डकी प्रदेश सरकारबाट रु पाँच लाख, कोरिया समूहबाट रु ५७ हजार, डबबहादुर गर्बुजाबाट रु ५० हजार, स्थानीय पूर्णबहादुर पाइजाबाट रु ३५ हजार, प्रेमबहादुर पुर्जाबाट रु ३० हजार भुवनसिंह पुनबाट रु २५ हजारसहित सहयोग प्राप्त भएको छ । भवन आगामी दुई वर्षभित्र निर्माण सम्पन्न हुने भएको छ । मगर बस्ती भएको उक्त क्षेत्रमा उत्पादनसहित पर्यटन प्रवर्द्धन गर्न घरबाससमेत सञ्चालन गर्न मन्त्री बरालले सुझाव दिनुभयो । राज्यले सबै धर्मलाई समानरुपले हेर्ने जनाउँदै मन्त्री बरालले उक्त बिहार निर्माणमा थप रकम व्यवस्थापन गर्न पुनः पहल गर्नेसमेत बताउनुभयो ।

# कोरोना बढेपछि नेपाली श्रमिक लैजान रोक

**रासस**
**काठमाडौं, २८ माघ**

केही दिनदेखि दक्षिण कोरियामा पुनः कोरोना भाइरसको सङ्क्रमण दर तीव्र गतिमा फैलन थालेपछि कोरिया सरकारले नेपाललगायत अन्य देशबाट श्रमिक लैजान रोक लगाएको छ ।

पुनः कोरोना भाइरसको सङ्क्रमण दर तीव्र गतिमा फैलन थालेपछि नेपाललगायत अन्य देशबाट समेत श्रमिक लैजान रोक लगाइएको र १४ फेब्रुअरीमा तय भएको नियमित उडान तालिका स्थगन गरिएको दक्षिण कोरियाको श्रम तथा रोजगार मन्त्रालयलाई उद्धत गर्दै सउलस्थित नेपाली दूतावासले जानकारी गराएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारका लागि दक्षिण कोरिया जान भाषा परीक्षा पास गरी लामो पर्खाइपछि १४ फेब्रुअरीमा उडान तय भइ रोकिएका श्रमिकहरूको अर्को उडान तालिका छिट्टै सार्वजनिक गर्न पहल भइरहेको बताउनुभयो । उहाँले सङ्क्रमण दर कम हुनासाथ रोकिएका श्रमिकहरूलाई तत्काल पठाउने व्यवस्था गर्ने विश्वास दिलाउनुभयो । रोजगार अनुमति प्रणाली (इपीएस)अन्तर्गत भाषा र सीप परीक्षा उत्तीर्ण गरी दक्षिण कोरिया जाने पर्खाइमा रहेका नेपाली श्रमिक लामो समयदेखि रोकिएकामा सरकारले पहल गरेर नियमित रूपमा जाने व्यवस्था गरेको थियो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.सं. १९९२/१०/२९ गते
स्वर्गारोहणः वि.स. २०७८/१०/१७ गते

**स्व. गंगादेवी श्रेष्ठ**

यस पोखरेली युवा सांस्कृतिक परिवारका सल्लाहकार श्री तीर्थ श्रेष्ठ तथा शुभचिन्तक श्री सुरज श्रेष्ठ एवं शैलेन्द्र श्रेष्ठकी प्रातः स्मरणीय श्रद्धेय फुपू **गंगादेवी श्रेष्ठ**को ८६ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन प्रति धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी श्री विन्ध्यवासिनी मातासँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मोती भुजेल**
**अध्यक्ष एवं**
**पोखरेली युवा सांस्कृतिक परिवार**
**पोखरा**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.सं. १९९२/१०/२९ गते
स्वर्गारोहणः वि.स. २०७८/१०/१७ गते

**स्व. गंगादेवी श्रेष्ठ**

यस संगीत प्रशिक्षण केन्द्र, विन्ध्यबासिनीका सल्लाहकार श्री तीर्थ श्रेष्ठ तथा शुभचिन्तक श्री सुरज श्रेष्ठ एवं शैलेन्द्र श्रेष्ठकी प्रातः स्मरणीय श्रद्धेय फुपू **गंगादेवी श्रेष्ठ**को ८६ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन प्रति धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी श्री विन्ध्यवासिनी मातासँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**गौतम बिजुक्छे**
**अध्यक्ष एवं**
**संगीत प्रशिक्षण केन्द्र**
**विन्ध्यवासिनी, पोखरा-२ परिवार**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.सं. १९९२/१०/२९ गते
स्वर्गारोहणः वि.स. २०७८/१०/१७ गते

**स्व. गंगादेवी श्रेष्ठ**

यस समितिका आजिवन सदस्य एवं सल्लाहकार श्री तीर्थ श्रेष्ठ, श्री सुरज श्रेष्ठ तथा शैलेन्द्र श्रेष्ठकी प्रातः स्मरणीय श्रद्धेय फुपू **गंगादेवी श्रेष्ठ**को ८६ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन प्रति धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तीर्थमान प्रधानाङ्ग**
**अध्यक्ष एवं**
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**
**भैरवटोल, पोखरा-२**